आज मिति २०७९ साल चैत्र २८ गते मंगलबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को २६ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

**आमन्त्रित :**

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. भू-उपयोग क्षेत्र वर्गिकरणको अन्तिम प्रतिवेदन सम्बन्धमा ।
३. अघिल्ला आ.व.हरुको जनश्रमदानको रकम फिर्ता सम्बन्धमा ।
४. जनता मा.वि.को ८ कोठे पक्की भवनको रकम भुक्तानी सम्बन्धमा ।
५. माटो खन्ने पुर्ने कार्यको रकम भुक्तानी सम्बन्धमा ।
६. जग्गा पास सम्बन्धमा ।
७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/१२/१५ गते बसेको आ.व. २०७९/०८० को २५ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा डि.जि. निर्माण इन्जिनियरिङ प्रा.लि. विराटनगरले निर्माण गरेको यस देवानगञ्ज गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरणको नक्सा तथा मापदण्ड सम्बन्धि अन्तिम प्रतिवेदन माथि छलफल गर्दा भू-उपयोग क्षेत्र वर्गिकरणको नक्सा तथा मापदण्ड निर्माण कार्य गाउँपालिकाको आवश्यकता तथा राय सुझावलाई मध्यनजर गरि प्रभावकारी रुपमा सम्पादन गरिएको पाइएकोले उक्त प्रतिवेदनलाई अनुमोदन गरि सम्बन्धित निकाय समक्ष पेश गर्ने तथा डि.जि.निर्माण इन्जिनियरिङ प्रा.लि. संगको सम्झौता बमोजिमको अपुग रकम समपुरक कोष शिर्षकबाट थप गरि भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत आ.व. हरुमा उपभोक्ता समिति मार्फत निर्माण सुरु भई चालु आ.व. मा निर्माण सम्पन्न भएका आयोजनाहरुको उपभोक्ता समितिले दाखिला गरेको लागत सहभागिताको रकम समपुरक कोष शिर्षकबाट फिर्ता गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.१ मा रहेको श्री जनता मा.वि. को ८ कोठे पक्की भवन निर्माण सम्पन्न भईसकेको तर हाल सम्म अन्तिम भुक्तानी नभएको हुँदा उक्त आयोजनाको निर्माण सम्पन्न म्याद मिति २०८० जेठ

मसान्त सम्म थप गरि अन्तिम रनिङ्ग विलको रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्रको विभिन्न वडाहरुमा वडा कार्यालयको नियन्त्रण तथा समन्वयमा माटो खन्ने पुर्ने कार्य भएको हुँदा उक्त कार्य वापतको रकम सम्बन्धित वडा कार्यालयको सिफरिस बमोजिम आयोजना व्यवस्थापन खर्च तथा समपुरक कोष शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.७ स्थित श्री जनप्रिय आ.वि. लाई आवश्यक जग्गा देवानगञ्ज गा.पा. वडा नं.१ बस्ने श्री राजेश कुमार मेहताले निजको स्वामित्वमा रहेको साविक रा.सि. वडा नं.२/क कि.नं. ९७, क्षेत्रफल ०-०-११ को जग्गा पुरै तथा साविक राजगञ्ज सिनवारी गा.वि.स. वडा नं. २/क, कि.न.५२१ क्षेत्रफल ०-३-१४ बाट ०-३-० क्षेत्रफल जग्गा निःशुल्क रुपमा दिन सहमति सहित गाउँपालिकामा निवेदन पेश गर्नु भएकोले उक्त जग्गा विद्यालयको नाममा पास प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०७९/०७/२८ गतेको १० औं कार्यपालिका बैठकबाट देवानगञ्ज गा.पा. वडा नं.१ मा ६ वटा कार्यक्रम निर्णय भएकोमा तपसिल बमोजिमको कार्यक्रम थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

क) राजाजी थान देखि उत्तर मुख्य सडक संम्म नयाँ कृषि बाटो निर्माण ।